# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८१।०४।१५ गते।

## प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरु मध्ये प्रतिवादी केदारप्रसाद गौतमसमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दा।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये प्रतिवादी केदारप्रसाद गौतमसमेत रहेको सार्वजनिक सम्पत्ति हानिनोक्सानी गरी भ्रष्टाचार गरेको सम्बन्धि मुद्दामा आयोगको निर्णय अनुसार मिति २०८१।०४।१५ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ।

प्रवक्ता
नरहरि घिमिरे

<u>देहायः</u>

| सि.न | प्रतिवादी | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १. | **प्र. तेज बहादुर थापा भन्ने केदारप्रसाद गौतम, भरत बहादुर बानियाँ, सम्झना पोखरेल गौतम, जेनी श्रेष्ठ, सुमन भुजेल, सूर्य बहादुर लिम्बु, सन्दीप गुप्ता र राजिव थापा भन्ने कृष्णहरी थापा**<br>(वि.अ. को मु.नं. ०७६-CR-०१५७), वि.अ. को फैसला मिति २०८०।०८।१४) | **कृषि विकास बैंक लिमिटेडको रकम अनियमित तबरले निकाली भ्रष्टाचार गरेको।** | **प्र.केदार प्रसाद गौतमले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा बिगो रु.३३,९३,००,०००।- (तेत्तीस करोड त्रियानब्बे लाख मात्र) कायम गरी सोही ऐनको दफा १७ बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (झ) बमोजिम सजाय गरी हानि नोक्सानी गरेको विगो रु.३३,९३,००,०००।- सोही ऐनको दफा १७ वमोजिम असुल उपर हुन मागदावी लिइएको।<br>**भरत बहादुर बानियाँले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा बिगो रु.३३,९३,००,०००।- (तेत्तीस करोड त्रियानब्बे लाख मात्र) कायम गरी सोही ऐनको दफा १७ बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (झ) बमोजिम सजाय गरी हानि नोक्सानी गरेको विगो रु.३३,९३,००,०००।- सोही ऐनको दफा १७ वमोजिम असुल उपर हुन मागदावी लिइएको।<br>**सम्झना पोखरेल** गौतम ले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसूरमा हिनामिना गरेको रु.३३,९३,००,०००।- (तेत्तीस करोड त्रियानब्बे लाख मात्र) बिगो कायम गरी सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी हानि नोक्सानी गरेको बिगो रु.३३,९३,००,०००।- समेत असुल उपर हुन मागदावी लिइएको।<br>**जेनी श्रेष्ठ गौतमले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसूरमा हिनामिना गरेको | **फैसलाः**<br>-प्र. भरत बहादुर बानियाँ, जेनी श्रेष्ठ गौतम, सुमन भुजेलले आरोप मागदावीबाट सफाई पाउने।<br>- प्र. केदार प्रसाद गौतमलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा सोही ऐनको दफा ३(१)(झ) बमोजिम ८ वर्ष कैद हुने ठहर्छ। प्रतिवादीलाई बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४ को दफा ६ र दफा १४ बमोजिमको कसूरमा बिगो बमोजिम रु ३३,९३,३९,८७२।७१ जरिवाना भई बिगो भराउने ठहर भरी सर्वोच्च अदालतबाट फैसला भएको हुँदा जरिवाना र बिगो भराइरहन परेन।<br>- प्र. सम्झना पोखरेल गौतम, सन्दीप गुप्ता, वसन्त राई भन्ने सूर्य बहादुर लिम्बुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा सोही ऐनको दफा २२ बमोजिम कसुर गरेको ठहर भएकोले प्रतिवादी उपर ऐ.ऐनको दफा ८(४) को आरोपदावी रहेकोमा दावीको कसूरमा ८(४) को प्रावधान आकर्षित हुन नसक्ने भई प्रतिवादीहरुको कसूरमा संलग्नताको आधारमा मतियारको कसुर ठहरेको अवस्था हुँदा मागदाबी भन्दा बढी सजाय गर्न न्यायोचित नहुने भई न्यायको रोहमा १ महिना कैद हुने र जरिवाना र बिगो भराउन नपर्ने।<br>- राजीव थापा भन्ने कृष्णहरि थापालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाख्यांश बमोजिम मुख्य प्रतिवादी सरह कसुर गरेको ठहर भएकोले प्रतिवादीलाई मुख्य प्रतिवादी सरह ८ वर्ष कैद हुने।<br>**विशेष अदालत काठमाडौंले फैसला गर्दा निम्न आधार ग्रहण गरेको।**<br>**क.** कृषि विकास बैंक लिमिटेडको छानविन प्रतिवेदन र नेपाल राष्ट्रबैंक सुपरीवेक्षण विभागको छानविन प्रतिवेदनबाट प्रतिवादी केदार प्रसाद गौतमले विभिन्न व्यक्तिको खातामा रेमिट रकम भनी रकम ट्रान्सफर गरी अनियमित रुपले बैंकबाट वहिर्गमन गरी गराई कृषि विकास बैंकको रु.३३,९३,००,०००।- अपचलन गरेको र सो कुरामा प्रतिवादी केदार प्रसाद गौतम अदालत समक्ष सावित नै रहेको देखिएको। प्रमाण ऐन, २०३१ को दफा ९(१), १८ र २० बमोजिम प्रतिवादीको साविति बयान, छानविन प्रतिवेदन प्रमाणमा ग्रहण गर्नुपर्ने प्रतिवादी केदार प्रसाद गौतमले कृषि विकास बैंक लिमिटेडको Core Banking System को दुरुपयोग गरी आफू समेतलाई गैरकानूनी लाभ पुर्‍याउने र बैंकलाई हानि पुऱ्याउने वदनियतले बैंकको रु.३३,९३,००,००० ।– हानि नोक्सानी पु-याई भ्रष्टाचार निवारण | **विशेष अदालत, काठमाडौंको फैसला उपर प्रतिवादी केदारप्रसाद गौतम र भरत बहादुर बानियाँको हकमा पुनरावेदन गर्ने आधार र कारणहरुः**<br>**क.** प्रतिवादी केदार प्रसाद गौतमलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा सोही ऐनको दफा ३(१)(झ) बमोजिम ८ वर्ष कैद हुने। प्रतिवादीलाई बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४ को दफा ६ र दफा १४ बमोजिमको कसूरमा बिगो बमोजिम रु ३३,९३,३९,८७२।७१ जरिवाना भई बिगो भराउने ठहर भरी सर्वोच्च अदालतबाट फैसला भएको हुँदा जरिवाना र बिगो भराइरहन परेन भनी फैसला भएको। सर्वोच्च अदालतबाट (मुद्दा नं. ०७४-RB-०५४४) बैङ्किङ कसूर मुद्दामा प्रतिवादी केदार प्रसाद गौतमलाई बैङ्किङ कसूर तथा सजाय ऐन, २०६४ को दफा १५(२) बमोजिम ५(पाँच) बर्ष कैद र बिगो रु ३३,९३,३९,८२७।७१ जरिवना भई बिगो मध्ये दाखिल हुन आएको बिगो कटाई नपुग बिगो रु ३२,९४,८०,७०४।८७ सोही ऐनको दफा १५(२) बमोजिम कृषी विकास बैङ्कलाई दिलाई भराई दिने भनी फैसला भएको। प्रस्तुत मुद्दामा आरोपदावी बमोजिम कैद भएको, बिगो मुद्दा नं. ०७४-RB-०५४४ बाट दिलाई भराई पाउने भनी फैसला भएको। मुलुकी अपराध संहिता २०७४ को दफा ४० बमोजिम सजायको प्रकारको खण्ड (ग) मा जरिबाना समेत उल्लेख भएको देखिएबाट जरिवाना सजायको एक प्रकार रहेको स्पष्ट देखिएको अवस्थामा प्रस्तुत मुद्दाको जरिवाना तर्फको मागदावीमा फैसलमा केही नबोलेको हुँदा जरिवाना नगरेको हद सम्म फैसला नमिलेको हुँदा प्रतिवादी केदार प्रसाद गौतमलाई बिगो बमोजिम रु ३३,९३,००,०००/-(तेत्तीस करोड त्रियानब्बे लाख मात्र) जरिवाना हुन मागदाबी लिइएको।<br>**ख.** प्रतिवादी भरत बहादुर बानियाँले शाखा प्रबन्धकको रुपमा कार्यरत रहँदा System बाट भएका कार्यहरु पूरा गरी वार्षिक लक्ष्य अनुसार प्रगति गर्नको लागि लगानी असुली Fund Management गरी बार्षिक लक्ष्य पूरा गर्ने मेरो जिम्मेवारी भएको, System बाट भएको Remittance विधि सम्मत रहेको तथा नमुनाको रुपमा कुनै खातावालाको कागजात परीक्षण गर्दा ठिकै देखिएको भनी बयान गरेको। नेपाल राष्ट्र बैंङ्कको छानविन प्रतिवेदन तथा कृषि विकास बैंङ्कको प्रतिक्रियामा कार्यालय प्रबन्धकले कार्यालयको सम्पूर्ण कारोबारलाई देखाउने हिसाब दैनिक रुपमा अध्ययन गरी प्रमाणित गर्नु पर्नेमा बैङ्क व्यवस्था अनुसार रेमिटान्स हिसाब अस्वभाविक रुपमा बृद्धि हुँदा पनि सो तर्फ पर्याप्त ध्यान नदिएको भनी उल्लेख गरेको समेत देखिएबाट रु.३३,९३,००,०००।- (तेत्तीस करोड त्रियानब्बे लाख मात्र) अपचलन गरी अनियमित गर्ने कार्यमा निजले कार्यालय प्रमुखको हैसियतले गर्नुपर्ने भूमिका निर्वाह नगरेको र शाखा प्रबन्धकको हैसियतले आफू कार्यरत |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | रु.३३,९३,००,०००।- (तेत्तीस करोड त्रियानब्बे लाख मात्र) बिगो कायम गरी सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी हानि नोक्सानी गरेको बिगो रु.३३,९३,००,०००।- समेत असुल उपर हुन मागदावी लिइएको।<br>**सुमन भुजेलले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसूरमा हिनामिना गरेको रु.३३,९३,००,०००।- (तेत्तीस करोड त्रियानब्बे लाख मात्र) बिगो कायम गरी सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी हानि नोक्सानी गरेको बिगो रु.३३,९३,००,०००।- समेत असुल उपर हुन मागदावी लिइएको।<br><br>**सन्दीप गुसाले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसूरमा हिनामिना गरेको रु.३३,९३,००,०००।- (तेत्तीस करोड त्रियानब्बे लाख मात्र) बिगो कायम गरी सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी हानि नोक्सानी गरेको बिगो रु.३३,९३,००,०००।- समेत असुल उपर हुन मागदावी लिइएको।<br>**वसन्त राई भन्ने सूर्य बहादुर लिम्बुले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसूरमा हिनामिना गरेको रु.३३,९३,००,०००।- (तेत्तीस करोड त्रियानब्बे लाख मात्र) बिगो कायम गरी सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी हानि नोक्सानी गरेको बिगो रु.३३,९३,००,०००।- समेत असुल उपर हुन मागदावी लिइएको।<br>**राजीव थापा भन्ने कृष्णहरि थापाले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसूरमा हिनामिना गरेको रु.३३,९३,००,०००।- | ऐन, २०५९ को दफा १७ बमोजिमको कसूर गरेको देखिएको ।<br>**ख.** प्रतिवादी राजिव थापा भन्ने कृष्णहरी थापाको हकमा निज प्रतिवादी अदालत समक्ष उपस्थित भई आफू विरुद्वको आरोपको प्रतिवाद नगरेको। प्रतिवादी केदार प्रसाद गौतमले आफू कसूरमा सावित रही सह-प्रतिवादी कृष्णहरी थापालाई पोल गरेको। निजको पोल बयान अनुसार बैंकको रकम अपचलनको मुख्य योजनाकार प्रतिवादी कृष्णहरी थापा रहेको, निजले नै विभिन्न व्यक्तिहरुको खाता नं. र रेमिट इन्ट्री गर्ने गोप्य कोड उपलब्ध गराएको, केदार प्रसाद गौतमले सोही खाता नं. हरुमा अनियमित तवरले रकम ट्रान्सफर गरेको कृष्णहरी थापाले उक्त रकम झिकी, झिक्न लगाई सो रकम बाँडफाँड गरेको भन्ने देखिएको। वसन्त राई भन्ने सूर्यबहादुर लिम्बुले अनुसन्धानको क्रममा वसन्त राईको नाममा आफ्नो खाता खोलिएको, चेक बुक निजै राजीव थापाले नै राख्ने गरेको र रकम निकाल्न लगाएको र रकम राजीव थापाले नै राख्ने गरेको र आफूलाई रु. सात लाख दिएको, हिनामिना गर्ने कार्यमा राजीव थापा नै संलग्न रहेको भनी गरेको पोल बयान समेतबाट प्रतिवादी केदार प्रसाद गौतमको बयान समर्थित भएको। बैंकको रकम वसन्त राईको खातामा प्रतिवादी केदार प्रसाद गौतमले ट्रान्फर गरेको। यसरी कृषि विकास बैंकको रकम हिनामिना गर्ने कसूरमा प्रतिवादी राजीव थापा संलग्न रहेको र सो रकमबाट गैरकानूनी लाभ लिने मुख्य व्यक्ति नै रहेको देखिंदा प्रतिवादी राजीव थापा भन्ने कृष्णहरी थापाले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा मतियारको भूमिका गरी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिमको कसूर गरेको।<br>**ग.** भ्रष्टाचारको कसूरमा बदनियतको व्याख्या गर्दा वस्तुगत रुपमा तथ्यपरक परिस्थितिको आधारमा गर्नुपर्छ भन्ने स्थापित मान्यता रहेको। असली नियत कार्यमा देखिन्छ, बोलीमा होइन (Actions show their true intentions, not the words) भन्ने हाम्रो सामाजिक मूल्य र मान्यता पनि हो। तथापी प्रतिवादीहरुको कार्य गर्ने तौर तरिका अस्वाभाविक एवं कानून विपरित रहेको नदेखिएको, अनुचित लाभको लोभमा परी कार्य गरेको पनि नदेखिएको। यी प्रतिवादीले हिनामिनाबाट अनुचित लाभ लिए खाएको वादी दावी पनि नरहेको। त्यसतर्फ अनुसन्धान पनि नभएको। तसर्थ, प्रतिवादीहरुलाई मुलुकी अपराध संहिता २०७४ को दफा ८ को संरक्षण प्राप्त हुने देखिएको। यसरी प्रतिवादी भरतबहादुर वानियाँले बैंकको रकम हिनामिना गर्ने कार्यमा अन्य प्रतिवादीसँग मिलेमतो गरी आफ्नो पदीय जिम्मेवारी प्रति लापरवाही गरेको वा वदनियत राखी काम प्रति उदासिन रहेको भन्ने पुष्टि हुन नसकी प्रतिवादीले आरोपित कसूरबाट सफाई पाउने देखिएको । | बैंकको रेमिट समेतको आर्थिक कारोबार, कर्मचारीहरुको रेखदेख र नियन्त्रण, व्यवस्थापन, अभिलेख जाँच र व्यवस्थापन समेतको सम्पूर्ण जिम्मेवारी र दायित्व निजमा रहेकोमा निजले सो दायित्व गम्भीरतापूर्वक वहन नगरेका कारण केदार प्रसाद गौतमले उल्लिखित तवरले रकम झिक्न सफल भई बैंकलाई आर्थिक नोक्सानी पुऱ्याई सो कार्यालयमा रहेका अन्य कर्मचारीसँगको मिलेमतोमा उल्लिखित रकम हिनामिना गरी आफूलाई गैर कानूनी रुपमा फाइदा र नेपाल सरकारलाई प्रत्यक्ष रुपमा हानि नोक्सानी पुऱ्याएको पुष्टि भै रहेकोमा निज प्रतिवादी भरत बहादुर बानियाँलाई सफाई दिने गरी भएको विशेष अदालतको फैसला त्रुटीपूर्ण हुँदा वदरभागी रहेको।<br><br>**ग.** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५९ (क) मा" कुनै राष्ट्र सेवक वा अन्य कुनै व्यक्तिले यस ऐन अन्तर्गत कसूर मानिने कुनै काम गरेको वा त्यस्तो काम गर्ने सिलसिलामा अन्य प्रचलित कानून बमोजिम कसुर मानिने कुनै कामसमेत गरेको रहेछ भने निजउपर अन्य प्रचलित कानुनबमोजिम छुट्टै मुद्दा चलाउन बाधा पर्ने छैन" भनी व्यवस्था गरेको। यीनै प्रतिवादी भरतबहादुर बानियाँ उपर बैकिङ्ग कसुर मुद्दाको अभियोग माग दावी सहित उच्च अदालत पाटन, वाणिज्य इजलास, ललितपुरमा पेश भएको अभियोगपत्रमा प्रतिवादीहरुलाई यस आयोगबाट समेत अनुसन्धान कारबाही हुनुपर्ने निर्णय भए अनुरुप निज प्रतिवादी भरतबहादुर बानियाँ उपर समेत भ्रष्टाचार मुद्दा विशेष अदालत काठमाडौंमा दायर भएको हो। उक्त बैकिङ्ग सकूर मुद्दा र यस भ्रष्टाचार मुद्दाको वारदात एउटै रहेको। यी दुईवटा मुद्दा भएता पनि मुद्दाको प्रकृति एवं नामाकरण अलग अलग देखिएता पनि प्रतिवादी र वारदात एउटै रहेको। प्रतिवादी भरतबहादुर बानियाँलाई सर्वोच्च अदालतबाट बैकिङ्ग कसूर मुद्दामा (०७४-RB-०५४४) बैङ्किङ कसूर तथा सजाय ऐन, २०६४ को दफा १५(४) बमोजिम रु. १,००,०००/-(एक लाख रुपैयाँ) जरिवाना र १(एक) महिना कैद सजाय हुने गरी फैसला भएको। विशेष अदालत काठमाडौंले प्रतिवादी भरतबहादुर बानियाँलाई भ्रष्टाचार मुद्दामा सफाई दिने गरी फैसला गरेबाट एकै प्रकृतिको मुद्दामा सर्वोच्च अदालतले कसूर कायम गर्ने र विशेष अदालतबाट सफाइ दिने गरी भएको फैसलामा एकरुपता नदेखिएकोले विशेष अदालतबाट भएको फैसला त्रुटीपूर्ण रहेकोले वदरभागी रहेको।<br><br>**घ.** भ्रष्टाचारजन्य कार्य हुनका लागि आर्थिक लाभ वा हानि मात्र पर्याप्त आधार नहुने। अवाञ्छित किसिमको दोषपूर्ण गतिविधि पनि भ्रष्टाचारजन्य कसुरको अर्को महत्त्वपूर्ण आधार भएको। प्रतिवादीको गैरकानूनी र अवाञ्छित किसिमको दोषपूर्ण गतिविधिबाट कसैको हानि हुने र कसैले लाभ पाउने अवस्था हुन्छ भने सो कार्य पनि भ्रष्टाचारजन्य कसुरको दायराभित्र पर्ने देखिएको। साथै प्रतिवादीले त्यस किसिमको गैरकानूनी र अवाञ्छित किसिमको गतिविधि केवल आर्थिक लाभ हानि पुऱ्याउने मनसायका साथ गरेको थिएन भन्ने आधारमा मात्र उक्त दोषपूर्ण कार्यबाट निजले उन्मुक्ति |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | (तेत्तीस करोड त्रियानब्बे लाख मात्र) बिगो कायम गरी सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी हानि नोक्सानी गरेको बिगो रु.३३,९३,००,०००।- समेत असुल उपर हुन मागदावी लिइएको। | **घ.** प्रतिवादी वसन्त राई भन्ने सूर्य बहादुर लिम्बुले कृषि विकास बैंक पुतलीसडकमा वसन्त राईको नामबाट खाता खोलेको, सोही खातामा प्रतिवादी केदार प्रसाद गौतमले कृषि विकास बैंकको रकम ट्रान्सफर गरेको, सो रकम प्रतिवादी वसन्त राईले चेक काटी रकम झिकेको र सोही रकम प्रतिवादीहरुले आपसमा बाँडफाँड गरी आफूले ७ लाख लिएकोमा सावित रहेको देखिंदा यी प्रतिवादीले प्रतिवादी केदार प्रसाद गौतम र राजीव थापा भन्ने कृष्णहरी थापालाई रकम हिनामिना गर्ने कार्यमा सहयोग गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा सोही ऐनको दफा २२ बमोजिमको मतियारको कसूर गरेको। यी प्रतिवादीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसूर गरेको भन्ने वादी दावी रहेकोमा यी प्रतिवादीले नेपाल सरकार वा सर्वजनिक संस्थाको कुनै सम्झौता गरेको नदेखिएको र सम्झौताको शर्त उल्लंघन गरेको वादी दावी पनि रहेकोले प्रतिवादीको हकमा दफा ८ (४) आकर्षित हुने नदेखिएको।<br>**ङ.** प्रतिवादी सम्झना पोखेलले प्रतिवादी केदार प्रसाद गौतमले हिनामिना गरेको रकमबाट आफ्नो कर्जा तिरेको। हिनामिनाको रकम बैंक खाता खोली जम्मा गरेको समेत देखिएकोले यी प्रतिवादीले केदार प्रसाद गौतमले हिनामिना गरेको रकम लुकाउन, छिपाउन वा रुपान्तरण गरी सहयोगीको भूमिका गरेको देखिंदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा सोही ऐनको दफा २२ बमोजिमको मतियारको कसूर गरेको देखियो। यी प्रतिवादीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसूर गरेको भन्ने वादी दावी रहेकोमा यी प्रतिवादीले नेपाल सरकार वा सार्वजनिक संस्थाको कुनै सम्झौता गरेको नदेखिएको र सम्झौताको शर्त उल्लंघन गरेको वादी दावी पनि नरहेकोले प्रतिवादीको हकमा दफा ८(४) आकर्षित हुने नदेखिएको।<br>**च.** प्रतिवादी सन्दीप गुप्ताले प्रतिवादी केदार प्रसाद गौतमले हिनामिना गरेको रकम बैंकमा जम्मा गर्न सहयोग गरेको र सो रकम भारतमा पठाउन सहयोग गरेको। तसर्थ यी प्रतिवादीले प्रतिवादी केदार प्रसाद गौतमलाई हिनामिनाको रकम लुकाउन, छिपाउन वा रुपान्तरण गर्न सहयोग गरेको देखिंदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा सोही दफा २२ बमोजिमको मतियारको कसूर गरेको। यी प्रतिवादीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसूर गरेको भन्ने वादी दावी रहेकोमा यी प्रतिवादीले नेपाल सरकार वा सार्वजनिक संस्थाको कुनै सम्झौता गरेको नदेखिएको र सम्झौताको शर्त उल्लंघन गरेको वादी दावी पनि नरहेकोले प्रतिवादीको हकमा दफा ८ (४) आकर्षित हुने नदेखिएको। | पाउने अवस्था नरहने भनी सर्वोच्च अदालतबाट (मथुरा ढकाल समेत बिरुद्ध नेपाल सरकार नि.नं. १०१४२) सिद्धान्त प्रतिपादित भएको अवस्था प्रतिवादी भरत बहादुर बानियाँलाई सफाई दिने गरी भएको विशेष अदालतको फैसला त्रुटीपूर्ण हुँदा वदरभागी रहेको।<br>**ङ.** कानूनको अज्ञानता क्षम्य हुँदैन भन्ने कानून तथा न्यायको मान्य आधारभूत सिद्धान्त रहेको (मुलुकी अपराध संहिता २०७४ दफा ८, मुलुकी देवानी संहिता, २०७४ दफा ५)।यद्यपि दिनानुदिन नयाँ नयाँ वन्ने कानून, लगातार प्रतिपादित हुने नयाँ नयाँ नजिर, कानूनी सिद्धान्त लगायतबाट दिनानुदिन कानूनले आफ्नो आकार, क्षेत्र व्यापक पार्दै पहुँच बढाई जटिल भै रहेको स्थितिमा कानूनको सहि र यथार्थ ज्ञान कानूनका विशेषज्ञ वा विज्ञ व्यक्तिहरु समेतलाई नहुने भएता पनि यस सिद्धान्तले तय गरेको आधारलाइ अवलम्वन नगरिएमा कानूनको शासनको आधार र मान्यताहरुनै समाप्त हुन जाने र कानूनी अराजकता हुन सक्ने भएकोले 'कानूनको अज्ञानता क्षम्य हुँदैन' भन्ने सिद्धान्तलाई सामान्य व्यक्तिलाई समेत कानूनको ज्ञाता सरह मानेर कडाईकासाथ लागु गरिन जरुरी हुन्छ भन्ने न्यायिक वाध्यता नै हो भनी (ने.का.प २०६३ भाग ४८ अंक११ निर्णय नं.७७९१ प्रमोद कुमार जलान बिरुद्ध शम्भुनाथ गुप्ता प्रकरण २०) सर्वोच्च अदालतले व्याख्या गरेको अवस्थामा प्रतिवादी भरत बहादुर बानियाँले कानूनले सृजना गरेको आफूले निर्वाह गर्नु पर्ने दायित्व पूरा नगर्दा नेपाल सरकारलाई हानिसोक्सानी भएको पुष्टी भै रहेको अवस्थामा निज प्रतिवादीलाई आरोपदावीबाट सफाई दिने गरी भएको विशेष अदालतको फैसला त्रुटीपूर्ण हुँदा वदरभागी रहेको, |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | **छ.** प्रतिवादी सुमन भुजेलले प्रतिवादी सम्झना पोखेलबाट गाडी तथा जग्गा खरिद गरेकोमा प्रतिवादी केदार प्रसाद गौतमले हिनामिना गरेको रकमबाट सम्झना पोखेलले खरिद गरेको गाडी रहेको कुरा यी प्रतिवादीको जानकारीमा रहेको कुरा वादीले पुष्टि गर्न नसकेको। यी प्रतिवादीले प्रतिवादी केदार प्रसाद गौतमलाई बैंकको रकम रुपान्तरणमा सहयोग गरेको भन्ने पर्याप्त आधार प्रमाणको अभावमा यी प्रतिवादी उपरको वादी दावी पुग्न सक्ने नदेखिएको।<br>**ज.** प्रतिवादी जेनी श्रेष्ठले प्रतिवादी केदार प्रसाद गौतमले हिनामिना गरेको रकम लिए खाएको, वा सो रकम लुकाउन, छिपाउन वा रुपान्तरण गर्नमा सहयोग गरेको प्रमाणको अभावमा यी प्रतिवादी आरोपित कसुरबाट सफाई पाउने देखिएको। | |